मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily

सुपारी प्रशोधनमा सहकारी र व्यवसायीहरु: पृष्ठ २मा



◆ वर्ष : २६ ◆ अङ्क : २७४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ भदौ १७ गते बिहीवार (Thursday, September 2. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

# मुख्यमन्त्री बनेको साता नपुग्दै अल्पमतमा



भीम आचार्य

**झापा, भदौ १६।** नेकपा एमालेका सचिव भीम आचार्यको नेतृत्वमा बनेको प्रदेश १ सरकार ६ दिनमै अल्पमतमा परेको छ।

माधव नेपाल खेमा छाडेर केपी ओली खेमामा लागेका आचार्य १० भदौमा प्रदेश १को मुख्यमन्त्री नियुक्त भएका थिए। नेकपा एमाले औपचारिक रूपमा बिभाजन भएसँगै निर्वाचन आयोगले भदौ २२ गतेसम्म प्रदेश र स्थानीय तहका जनप्रतिनिधिलाई दल रोज्ने समय दिएको थियो।

सो अनुसार प्रदेश १का १० सांसदले बुधबार एमाले विभाजन भएर बनेको नेकपा एकीकृत समाजवादी रोजेपछि प्रदेश १ सरकार ६ दिनमै अल्पमतमा परेको हो। अल्पमतमा परे लगत्तै मुख्यमन्त्री आचार्यले आफू रहरले मुख्यमन्त्री नबनेको बताएका छन्।



**निर्वाचन आयोगमा हस्ताक्षर गर्दै नेकपा समाजवादीका सांसद।**

१० सांसदले नेकपा समाजवादी रोज्दै हस्ताक्षर गरेपछि आचार्य नेतृत्वको सरकार ६ दिनमा अल्पमतमा परेको हो। प्रदेशसभाको बहुमतका लागि ४७ जना सांसद आवश्यक पर्नेमा १० जना सांसद समाजवादीमा आवद्ध भएपछि अब एमालेमा ४१ जना सांसद मात्र बाँकी रहेका छन् भने विपक्षी गठबन्धनले बहुमत पुऱ्याएको छ।

यसैबीच प्रदेश नं. १ मा नेकपा एमाले छोडेका १० जना सदस्य विहीवार प्रदेश निर्वाचन आयोगको कार्यालयमा पुगेर नेकपा (एकीकृत समाजवादी) मा सनाखत गरेका हुन्।

प्रदेशसभा सदस्य एवम् नेकपा (एकीकृत समाजवादी) का केन्द्रीय सदस्य राजेन्द्र राईको नेतृत्वमा सनाखत गर्नेमा राजन राई, गणेशकुमार काम्बाङ्ग, सरिता थापा, सावित्रादेवी रेग्मी, खिनु लङ्वा (लिम्बू) पदमकुमारी गुरुङ, सुनिताकुमारी चौधरी, उपेन्द्रप्रसाद घिमिरे र कृष्णकुमारी राई रहेका छन्।

सनाखत कार्य यही भदौ २२ गते ५ बजेसम्म हुने र त्यससम्बन्धी सम्पूर्ण कागजात केन्द्रीय निर्वाचन आयोगमा पठाउने प्रदेश निर्वाचन कार्यालयका प्रमुख लेवन काश्यप अधिकारीले जानकारी दिए। सो अवसरमा सञ्चारकर्मीसँग संक्षिप्त कुरा गर्दै नेकपा एकीकृत समाजवादी नेता राजेन्द्र राईले वर्तमान सरकार अल्पमतमा परेकाले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने बताए।

उनले भदौ २२ गतेसम्म थप सातदेखि आठ जना सदस्य नेकपा (एकीकृत समाजवादी) मा आउने दाबी गर्दै भदौ २३ गतेपछि सरकार निर्माणको प्रक्रिया शुरु गरिने जानकारी

*(बाँकी अन्तिम पृष्ठमा)*




## शहीदकी आमालाई मासिक १० हजार



**भद्रपुर, भदौ १६।** भद्रपुर नगरपालिकाले दोस्रो जनआन्दोलनका शहीद परिवारलाई मासिक १० हजार दिने निर्णय गरेको छ।

भद्रपुर नगरपालिकाका प्रमुख जीवनकुमार श्रेष्ठको अध्यक्षतामा बसेको नगर कार्यपालिका बैठकले दोस्रो जनआन्दोलनका शहीदलाई मासिक १० हजार वार्षिक एक लाख २० हजार दिने निर्णय गरेका हुन्।

दोस्रो जनआन्दोलनमा सेनाको गोली लागि सहादत प्राप्त गरेका भद्रपुर-६ निवासी शहीद सुरज विश्वासको माता मिना विश्वासको जीविकोपार्जन तथा औषधि उपचार खर्च बापत सो रकम दिने निर्णय गरिएको नगरका प्रमुख श्रेष्ठले जानकारी दिए। नगरपालिकाले वार्षिकरुपमा शहीद माता मिनालाई स्वास्थ्य बीमाको नवीकरण पनि गरी दिइरहेका छन्।

शहीद सुरजका पिता शान्ति विश्वासको चार वर्ष निधन भएपछि आमालाई जीविकोपार्जन तथा औषधि उपचारमा गर्न आर्थिक समस्या भइरहेको थियो। राज्यले वार्षिक रुपमा सात हजार उपलब्ध गराउँदै आए पनि त्यो रकम अपुग भएकोले नगरपालिकाले थप रकम सहयोग गरेको जनाइएको छ। २०६३ बैशाख ६ गते सरकारी फौजको गोली लागेर उनी सुरज शहीद भएका थिए। उनी पेसाले चालक थिए।

त्यस्तै नगर कार्यपालिकाको बैठकले मजदुरसँग नगर प्रमुख कार्यक्रम सञ्चालन गर्न विनियोजित बजेटले स्वास्थ्य बिमाको सट्टा नगर क्षेत्रका निर्माण, चिया, कारखाना र कृषि श्रमिकहरूको सेवा सुरक्षा व्यवस्थापन गर्नुपर्ने भएकोले सामाजिक शाखाबाट कार्यविधि कानून निर्माण गरी कार्यक्रम सञ्चालन गर्ने, नगर क्षेत्रमा बसोबास रहेका आदिवासी (राजवंशी) र लोपोन्मुख सन्थाल जातीको स्तम्भ लागत अनुमान तयार गरी नगरपालिकाको नयाँ भवन परिसरमा निर्माण गर्ने र हिंसापीडित तथा मानव बेचबिखन पीडित महिला बालबालिका

*(बाँकी अन्तिम पृष्ठमा)*

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क :**

**९८०६०००३१३/०२३-५९०१६६**

नोटः प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ।





**कञ्चनजङ्घा जाने सडकमा बेलिब्रिज :** विश्वको तेस्रो अग्लो शिखर कञ्चनजङ्घा जाने सडक ताप्लेजुङको फक्ताङ्लुङ गाउँपालिका-६ तमोर खोलामाथि निर्माण सम्पन्न भएको बेलिब्रिज । **तस्वीर : दिलकुमार लिम्बू/रासस**

# मोटरसाइकल दुर्घटनामा मात्रै ३४ जनाको मृत्यु

**लक्ष्मी उप्रेती**

**मेचीनगर, भदौ १६।** २०७७ साल साउन ३ गते पूर्व-पश्चिम महेन्द्र राजमार्गको कमल गाउँपालिका-३मा मे१०प ९८२६ नम्बरको मोटरसाइकल अनियन्त्रित भएर दुर्घटना हुँदा मोटरसाइकल चालक झापा गाउँपालिका-५का २७ वर्षीय प्रदीप लम्सालको मृत्यु भयो ।

सोही वर्षको मंसीर ३ गते बिर्तामोड–६ बुट्टावारीमा भएको मे२प ४८७७ नम्बरको मोटरसाइकल दुर्घटनामा परेर मोटरसाइकल चालक झापा बुद्धशान्ति गाउँपालिका-३का २४ वर्षीय कुशल लिम्बू र ११ वर्षीय जीवसन कँडेलको मृत्यु भयो ।

२०७७ पुस २१ गते शिवसताक्षी-८मा भएको मोटरसाइकल दुर्घटनामा परेर मोटरसाइकल चालक सुनसरी बराह क्षेत्र-७ का २९ वर्षीय ज्ञानेन्द्र तामाङ र त्यसमा सवार इटहरी उपमहानगरपालिका-५की २८ वर्षीया सलिना राईको मृत्यु भयो । प्रदेश १-०२-०४३ प ९२१८ नम्बरको मोटरसाइकल दुर्घटनामा परी दुवैजनाको मृत्यु भएको प्रहरीको अभिलेखले देखाएको छ ।

मोटरसाइकल दुर्घटनमा परेर ज्यान गुमाउने गरेका घटना त केही प्रतिनिधि घटना मात्र हुन् । अन्य सवारी साधनको तुलनामा मोटरसाइकल दुर्घटनामा परी ज्यान गुमाउनेको तथ्याङ्क जिल्ला ट्राफिक प्रहरी कार्यालय झापासँग लामै छ । प्रहरीको भनाइ अनुसार झापा जिल्लामा मोटरसाइकल दुर्घटनामा परी ज्यान गुमाउनेको संख्या अन्य सवारी साधनको तुलनामा झण्डै ५० प्रतिशत छ । गत आर्थिक बर्ष २०७७/०७८को एकवर्षेअवधिमा झापा जिल्लाका अलग-अलग स्थानमा भएका सवारी दुर्घटनामा परेर ९३ जनाको ज्यान गएको छ ।

तीमध्ये ३४ जना त मोटरसाइकल चालक र त्यसमा सवारमात्र रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख ट्राफिक प्रहरी निरीक्षक निशेष चापागाँईको भनाइ छ । मृत्यु हुनेमा अधिकांश ३० वर्ष उमेरभन्दा कमका छन् । प्रहरीको तथ्याङ्क अनुसार दुर्घटनामा परेका कूल सवारी साधन मध्ये ५५ प्रतिशत मोटरसाइकल नै रहने गरेका छन् । मोटरसाइकल तीव्ररुपमा चलाउने गरेका कारण दुर्घटना हुने प्रहरीको भनाइ छ । मोटरसाइकल दुर्घटना भए शायदै मात्र मान्छे बाँच्ने गरेको एक प्रहरी अधिकारी बताउँछन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका ट्राफिक प्रहरी सहायक निरीक्षक यमकुमार खड्का मोटरसाइकल चलाउँदा हेल्मेट अनिवार्य लगाउनुपर्ने भए पनि अधिकांशले हेल्मेट प्रयोग नगर्ने बताउँछन् । मोटरसाइकलमा दुर्घटनामा परेका अधिकांशको टाउकोमा चोट देखिएको छ । हेल्मेट मात्र प्रयोग गर्ने हो भने पनि जोखिमलाई कम गर्न सकिने उनको भनाइ छ ।

अन्य सवारी साधनमा मोटरसाइकल सवैभन्दा 'रिश्की' सवारी साधन भएको बताउँदै प्रहरी निरीक्षक चापागाईं तीव्ररुपमा सवारी साधन चलाउनु तथा सडकको दुरावस्थाले पनि अत्यधिक दुर्घटना हुने गरेको बताउँछन् । अझ प्रहरीको अनुपस्थिति हुने क्षेत्रमा पूरै लापरवाही हुने गरेको उनको भनाइ छ । जिल्लामा शहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा सवारी नियम उल्लंघनका घटना बढी हुने गरेको प्रहरीको भनाइ छ । अझ प्रहरी अनुपस्थित हुने क्षेत्रमा पुरै लापरवाही हुने गरेको छ ।

अधिकांश दुघर्टना पूर्व-पश्चिम महेन्द्र राजमार्ग अन्तर्गत मेचीनगरको चारआली, कनकाईको सुरुङ्गा, शिवसताक्षीको झिलझिले, दमकको विभिन्न क्षेत्रमा भएको प्रहरीको अभिलेखले देखाएको छ । यसबाहेक अन्य सहायकमार्गमा समेत दुघर्टना भएका छन् । यस्तो समस्या ग्रामीण क्षेत्रका सडकमा धेरै रहेको प्रहरी सहायक निरीक्षक खड्काको भनाइ छ । क्षमताभन्दा बढी चढ्ने अनि तीव्र गतिमा चलाउने गरेका कारण दुर्घटना हुने गरेको ट्राफिक प्रहरी प्रमुख प्रहरी निरीक्षक चापागाईंको भनाइ छ ।

गत आर्थिक बर्ष २०७७/०७८को एक वर्षे अवधिमा २१ हजार १ सय ५७ वटा मोटरसाइकल प्रहरी कारवाहीमा परेका थिए । यो अवधिमा मोटरसाइकलबाट मात्रै कार्यालयले १ करोड ५० लाख ६४ हजार रुपैयाँ राजस्व संकलन गरेको थियो । सवारी दुर्घटना न्यूनीकरणका लागि प्रहरीले बेला-बेला विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

## हतियारसहित दुई जना पक्राउ



**मोरङ, भदौ १६।** मोरङ कानेपोखरी-६स्थित शिवालय चोकका ३० बर्षीय रुद्रबहादुर क्षेत्री हतियारसहित पक्राउ परेका छन् ।

क्षेत्रीको घरमा हतियार लुकाई राखेको छ भन्ने बिशेष सुराकका आधारमा बुधवार राति प्रहरी टोलीले उनको घरमा खानतलासी गर्ने क्रममा १ थान पेस्तोल र ४ राउण्ड गोली फेला पारी बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

पक्राउ परेका क्षेत्री उपर थप अनुसन्धान गर्ने क्रममा अर्का सोही स्थानका ४० बर्षीय पूर्णबहादुर बोहरा समेतलाई पक्राउ गरी उनीहरु उपर इलाका प्रहरी कार्यालय पथरीबाट हातहतियार मुद्दामा कानूनी कारबाही अगाडि बढाइएको छ ।

## खैरोहेरोइन ब्राउनसुगरसहित तीन जना पक्राउ

**झापा, भदौ १६।** झापा अर्जुनधारा-४ मदनपुरबाट लागूऔषध खैरोहेरोइन ब्राउनसुगरसहित तीन जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा अर्जुनधारा-२का १८ बर्षीय एबिट बुढाथोकी, ३० बर्षीय सजित समाल र अर्जुनधारा-३का २६ बर्षीय सौगात खतिवडा रहेका छन् ।

उनीहरुलाई बिशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय अनारमनी र लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले ७ ग्राम खैरोहेरोइन ब्राउनसुगरसहित पक्राउ गरेको हो । साथै उनीहरुका साथबाट नगद ४९ हजार ५ सय रुपैयाँ समेत फेला पारी बरामद गरिएको छ । पक्राउ परेका तीनै जना उपर थप अनुसन्धान तथा लागूऔषध मुद्दामा कानूनी कारबाही अगाडि बढाएको बताइएको छ ।



उता कास्की पोखरा महानगरपालिका-२ अर्चलबोट बस्ने ३० वर्षीय अभिनाश शाहीसहित ६ जनालाई करिब ४ सय ४४ ग्राम अवैध लागूऔषध गाँजा, ६ ग्राम १६ मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने खैरो पदार्थ, नगद ६४ हजार ७५ रुपैयाँ र डिजिटल तराजुसहित मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । उनको घरमा लागूऔषध गाँजा सेवन गरी मानिसहरु बसिरहेको भन्ने खबर प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय बगरबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो ।

## थप २०५२ जनामा कोरोना

**काठमाडौं, भदौ १६।** पछिल्लो २४ घण्टामा देशभर दुई हजार ५२ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा देशभरका प्रयोगशालामा गरिएको १४ हजार ९३५ जनाको पीसीआर र एन्टीजेन परीक्षणमा दुई हजार ५२ जनामा संक्रमण पुष्टि भएको हो ।

स्वास्थ्य मन्त्रालयका अनुसार १० हजार ६१२ जनाको पीसीआर परीक्षण गर्दा एक हजार ६४८ र चार हजार ३२३ जनाको एन्टीजेन परीक्षण गर्दा ४०४ जनामा संक्रमण पुष्टि भएको हो ।

बुधवार देशभर तीन हजार ३० जना संक्रमित निको भई डिस्चार्ज भएका छन् । पछिल्लो २४ घण्टामा २० जना संक्रमितको मृत्यु भएको छ ।

देशभर ३४ हजार १९९ जना सक्रिय संक्रमित रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । तीमध्ये ३१ हजार ८१२ होम आइसोलेसनमा रहेका छन् ।

संस्थागत आइसोलेसनमा दुई हजार ३७७ संक्रमित छन् भने ५६३ जना आइसियुमा र १७०जनाको भेन्टिलेटरमा उपचार भइरहेको छ । देशभर ३११ जना क्वारेन्टाइनमा रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

### मुख्यमन्त्री ...

दिए । नेता राईले प्रदेशका गठबन्धन दलबीचको आपसी सहमतिमा मुख्यमन्त्री चयन गरिने भएकाले संघीय सरकारको कुनै हस्तक्षेप नहुने बताए । सनाखत कार्यक्रममा पार्टीका नेता तथा कार्यकर्ताको ठूलो समूहमा उपस्थिति थियो ।

### शहीदकी ...

र किशोर-किशोरीहरूका लागि अल्पकालीन सेवा केन्द्र सेफ हाउस सञ्चालनका लागि मानव अधिकारका लागि एकल महिलालाई नै निरन्तर रुपमा सञ्चालन गर्न दिने निर्णय गरिएको जनाइएको छ ।






## पोषण र खोपमा गरेको लगानीबाट १६ गुनाभन्दा बढी प्रतिफल

**बिर्तामोड, भदौ १६।** स्वास्थ्य उपचारमा गरिने खर्चका कारण जनसंख्याको १७ प्रतिशत मानिस गरिबीको रेखामुनि जान बाध्य हुने गरेका अनुसन्धानबाट खुलेको छ ।

स्वास्थ्य क्षेत्रमा राज्यको न्यून लगानी, जनताको कमजोर पहुँच र उपचारमा धेरै खर्च लाग्ने क्यान्सर जस्ता दीर्घरोग उपचारका कारण कतिपय नागरिक टाटपल्टेर सम्पत्तिविहीन हुनु परेको छ । दिगो विकास तथा सुशासन समितिको विहीवारको बैठकमा प्रा.डा. श्यामप्रसाद लोहनीले विश्वमा स्थास्थ्यमा गरिने खर्चका कारण १७ प्रतिशत मानिस गरिबीको दुश्चक्रमा धकेलिने गरेको तथ्याङ्क प्रस्तुत गरे । आर्थिक हिसाबले सम्पन्न अमेरिकालगायत मुलुकमै पनि गम्भीरखालका रोगको उपचार निकै महँगो भएका कारण धेरै जनताको आर्थिक अवस्था कल्पना नै गर्न नसकिने ढङ्गबाट खस्केको जानकारी दिइयो ।

मुलुकले पूर्वाधार क्षेत्रजस्तै स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गर्नुपर्ने आवश्यकता रहेको जानकारी दिँदै चिकित्सकले पोषण र खोप क्षेत्रमा गरेका लगानीबाट भविष्यमा १६ गुना भन्दाबढी प्रतिफल प्राप्त हुने जानकारी दिए । नेपालका ५५ प्रतिशत नागरिकले स्वास्थ्यमा आफ्नो व्यक्तिगत खर्च गर्दै आएका सो अवसरमा जानकारी दिइएको छ । यसैबीच, कोभिड-१९ सङ्क्रमण फैलिएसँगै शिक्षा, स्वास्थ्य र रोजगारीका अवसर खुम्चन गई प्रतिव्यक्ति आम्दानी मात्र घटेको नभइ आत्महत्याजस्ता घटनामा समेत वृद्धि भएको बताइएको छ । कोरोना सङ्क्रमणकै कारण दिगो विकास लक्ष्य हासिल गर्ने सिलसिलामा स्वास्थ्य क्षेत्रका नियमित कार्यक्रम पनि प्रभावित भएको जानकारी दिइएको छ ।

दिगो लक्ष्य प्राप्तिमा खासगरी नव शिशु तथा मातृ मृत्युदर र कुपोषणको समस्या घटाउन, सबैलाई पूर्ण खोप उपलब्ध गराउन तथा स्वास्थ्यमा सबैको पहुँच बढाउन चुनौति भइरहेको बताइएको छ । संस्थागत सुत्केरी दर अझै पनि कम हुनु तथा हैजालगायतको महामारी देखिने गरेको घटनालाई स्वास्थ्य क्षेत्रका विद्यमान समस्याका रुपमा हेरिएको छ- प्रा.डा. लोहनीले भने- स्वास्थ्य क्षेत्रमा गरेको लगानीको प्रतिफल राम्रो छ, हेलमेटमा गरेको एक रुपैयाँ खर्चले रु. १३ बचाउँछ । स्वास्थ क्षेत्रमा दिगो विकास लक्ष्य प्राप्तिमा भूकम्प, नाकाबन्दी, कोरोनालगायतका घटनालेसमेत प्रभावित तुल्याएको उनले जानकारी दिए ।






## रोङ गाउँपालिकाको अत्यन्त जरुरी सूचना

मितिः २०७८।०५।०७

यस रोङ गाउँपालिका क्षेत्रभित्र मिति २०७८ साल असोज १ गतेबाट प्लाष्टिकका झोलाको प्रयोग पूर्णरुपमा निषेध गरिएको छ । सम्पूर्ण रोङवासी आदरणीय दाजुभाइ, दिदीबहिनीहरुमा प्लाष्टिकको झोलाको प्रयोग पूर्ण रुपमा बन्द गरिदिनुहुन यसै सूचना मार्फत अनुरोध गरिन्छ । यदि यस सूचनाको उल्लघंन गरी प्लाष्टिकको झोला प्रयोग गरेको पाइएमा पसल, व्यवसायीहरुबाट रु. १,०००/– र व्यक्तिबाट रु. १००/– जरिवाना असुल उपर गरिने समेत जानकारी गराइन्छ ।

**फोहोरमैला व्यवस्थापनमा जुट्ने हाम्रो पालो**
**यसका लागि सबैले गरौं हातेमालो ।**

**– रोङ गाउँपलिका, इलाम**






श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## जटिलताहरू हटाऊ

मानव सभ्यताको प्रारम्भदेखि नै मानवजातिले रोग, भोक, अपाङ्गता, वृद्धता, वेरोजगारी र मृत्यु जस्ता अनिश्चतताको अनुभूति गर्दै आएको छ । ती मध्ये केही समस्याको समाधान मानिसले आफ्नै क्रियाशीलता र मेहनतले खोजी गऱ्यो भने केही राज्यको अग्रसरतामा समाधान भएका छन् । यी समस्या मध्ये आर्थिक अनिश्चितताले उत्पन्न गरेको पीडा कम गर्न निवृत्तिभरणको प्रचलन शुरू गरिएको हो । सुरक्षाका तिनै उपायहरूको निरन्तरताको क्रममा आज कतिपय धनी देशहरूले सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गरेका छन् । नेपालले पनि विश्वका अनुभवहरूलाई उपयोग गर्दै केही कार्यक्रमहरू व्यवहारमा ल्याइएका छन् । त्यसमध्ये अति महत्वको सम्पत्ति स्वास्थ्य नै भएको निष्कर्षका साथ स्वास्थ्य सेवामा पहुँच विस्तार कार्यक्रम सञ्चालन गरिएको छ ।

जनतालाई अत्यावश्यक स्वास्थ्य सेवाको पहुँच बढाउन वर्तमान संविधानले स्वास्थ्य सेवाको पहुँचलाई मौलिक हकका रूपमा समावेश गरेको छ । विश्व स्वास्थ्य संगठनले पनि स्वास्थ्य सेवालाई मानिसको मौलिक हकका रूपमा स्वीकार गर्दै 'सबैका लागि स्वास्थ्य' भन्ने प्रस्तावलाई आत्मसात गरेको छ । यद्यपि आज पनि विश्वका आधा जनसंख्या अत्यावश्यक स्वास्थ्य सेवाको पहुँचमा छैनन् । दश करोडभन्दा बढी मानिस गरिबीको रेखामुनि छन् । अस्सी करोडभन्दा बढी मानिसले आफ्नो मासिक बजेटको दश प्रतिशत स्वास्थ्य सेवामा खर्च गर्नु परिरहेको छ । यस्तोमा विकासमा पछि परेको, आर्थिक रूपले कमजोर र स्वास्थ्य सेवा प्रदायक संस्थाको अपर्याप्तताका बीच पनि नेपालमा आमा सुरक्षा, आङ खस्ने, शिशु सुरक्षा जस्ता कार्यक्रम निःशुल्क रूपमा सञ्चालित छन् । यसभन्दा पछि आठ प्रकारका असाध्य रोगहरूको उपचारमा सरकारले विशेष सहयोग गर्दै आएको छ । हाल व्यापक हुँदै गएको मधुमेह, मुटु रोग, मृगौला रोग, क्यान्सर, स्पाइनल इन्जुरी, एनिमिया, अल्जाइमर, पार्किन्सन जस्ता रोगको उपचारमा सहयोग गरेर राज्यले अभिभावकीय भूमिका निर्वाह गर्दैछ ।


नेपालले सन् २०३० सम्ममा दिगो विकासको लक्ष्य अनुरूप काम गर्ने प्रतिबद्धता जनाएको छ । त्यही प्रतिबद्धता पूरा गर्दै नागरिकको गुणस्तरीय सेवा प्राप्त गर्ने अधिकारको संरक्षण गर्न स्वास्थ्य वीमा कार्यक्रम पनि लागू गरिएको छ । तर, अझै कतिपय उपचारमा कानूनी अवरोध र जटिलता विद्यमान छन् । अहिले व्यापक हुँदै गएको मृगौला रोग र प्रत्यारोपणका लागि निर्धारित कानूनी व्यवस्थाले सुविधा भएर पनि भारत नै जानुपर्ने बाध्यता यथावत छ । यस्तोमा भद्रपुरका एक व्यक्तिले विद्यमान कानूनी व्यवस्थाका विरूद्ध सर्वोच्च अदालतमा दायर गरेको रिटले केही जटिलता खुकुलो पारेको छ । मानव शरीर अङ्ग प्रत्यारोपण ऐन ०५५ मा उल्लेख भएको नाता व्यवस्था खुकुलो पार्ने सर्वोच्चको फैसलाले प्रत्यारोपण गर्नुपर्ने बिरामी र आफन्तलाई केही राहत भएको छ । त्यसो त अभ्यास र अप्ठ्यारोले नै नयाँ कुराको निर्माण हुन्छ । त्यसैले भद्रपुरका बिरामीका आफन्त देबीचरण भण्डारीले यो फैसलाको उपयोग गर्न नपाए पनि अरूलाई सहज बनाउन भने सफल भएका छन् । राज्यले नागरिकको सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न बाधक कानून संशोधन गर्दै यथासम्भव सेवा प्रदान गर्ने दायित्व पूरा गर्नुपर्छ ।

सामाजिक सञ्जाल



अरु बेला घुइँचो लाग्ने सुनसान फेवाताल किनार ! कोभिड-१९ को बन्दाबन्दीले पर्यटन आश्रित पोखराको अर्थतन्त्र चौपट ! साना व्यवसायी र श्रमिकको अवस्था कल्पनातीत ! राज्य र नीति-निर्माताहरु कति संवेदनशील ?

**– बाबुराम भट्टराई**



मानिसको सौन्दर्यता भित्री मन मस्तिष्कमा हनुपर्दछ बाहिरी रूप अनि बनावटमा होइन ।

**– लोयल लक्ष्मी**



सम्बन्ध मिठो बोलेर होइन, साँचो बोलेर अझम्बरी हुन्छ !

**– रुपा**

# मैले लगाएको मास्क मेरै सुरक्षाका लागि



**गोपाल गिरी**

झापा, भद्रपुरका खनाल थरका एक व्यक्तिलाई कोरोना भाइरसविरुद्धको एक मात्रा खोप लगाएपछि संक्रमण भएर अस्पताल भर्ना गरियो। अस्पताल मात्र भर्ना गरिएन, आईसियु र भेन्टिलेटर गर्दै १९ दिन झापाको नाम चलेकै हस्पिटलमा राखियो। हस्पिटलको बिल मात्रै २५ लाखभन्दा बढी उठ्यो। तर, उनको ज्यान बचेन। नेपाल कै चर्चित अन्तर्राष्ट्रियस्तरकी कीर्तिमानी एक खेलाडीलाई दुबै मात्रा खोप लगाएपछि पनि कोरोना संक्रमण भएरै छोड्यो। धन्य, भगवानले हात थापिदिएकाले उहाँ संक्रमित भएर पनि सकुशल रहनु भयो।

यी केही प्रतिनिधिमूलक घटना मात्र हुन्। खोप लगाएका मानिसमा पनि संक्रमण देखिने र मृत्यु नै भएका एक/दुई होइन अनेक घटना छन्। रोग लाग्नुभन्दा रोग लाग्न नै नदिनु वेश हो। रोग लागेपछि शरीरले पाउने कष्ट-पीडा, परिवारजनले भोग्ने दुःख र लाग्ने खर्च हेर्ने हो भने रोग लाग्न नदिनु नै कता हो कता राम्रो। यो अवस्थामा कोभिडबाट जोगिने सबैभन्दा प्रभावकारी, सजिलो, सस्तो र वैज्ञानिक उपाय भनेको मास्क लगाउनु नै हो। छिन्छिन्मा साबुन पानीले हात धुनु वा सेनिटाइजरको प्रयोग गर्नु नै हो। यसले कोभिड बिरामीको सम्पर्कमा आए पनि तिनको थुक तथा ऱ्याललाई नाकसम्म आउन दिँदैन। कसैको शरीरमा रोग छ भने भाइरसयुक्त छिटा कम निस्की अरू संक्रमित हुने सम्भावना घट्छ।

हातसम्म आइपुगेको भाइरस नाकमुखमा पस्न पाउँदैन। लक्षण नभएका व्यक्तिले पनि भाइरस सार्न सक्ने भएकाले मास्कले सबैलाई सुरक्षित राख्छ। आर्थिक गतिविधिहरू सहज हुन्छन्। कोभिड मात्र नभई अन्य हावाबाट सर्ने सरुवा रोग, धूलो, धुँवाबाट पनि बचिने भएकाले मास्क लगाउँदा शरीर स्वस्थ हुन्छ। साथीभाइ भेट्ने, कार्यालय जाने जस्ता क्रियाकलापमा सहभागी हुन मास्क लगाउँदा सहज हुन्छ, यसले सामाजिक जीवनलाई सूचारु गर्न पनि मद्दत गर्छ। तर, प्रहरीलाई देखाउनका लागि मात्र मास्क लगाउनेहरू टन्नै भेटिन्छन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले साउन २३ देखि २९ सम्म देशभरि 'महामारी नियन्त्रण र रोकथाममा मेरो प्रतिबद्धता, मास्क लगाउनु नै आजको आवश्यकता' नाराका साथ मास्क अभियान सञ्चालन गऱ्यो। नागरिकहरूले मास्क लगाउन लापरवाही गरेकाले उनीहरूको व्यवहारमा परिवर्तन



गर्न यो अभियान सञ्चालन भएको थियो। नेपाल मास्क अभियानकै बीचबाट सोही कार्यक्रमलाई सफल पार्ने उद्देश्यले नेपाल रेडक्रस सोसाइटी भद्रपुर उपशाखाले मास्क बैंक कार्यक्रम सञ्चालनमा ल्याएर भद्रपुरमा लगातार १५ दिन निःशुल्क मास्क वितरण गऱ्यो र आज पनि यो कार्य जारी नै छ। तर, मानिसहरू पुलिसका लागि मात्र मास्क लगाइदिएको जस्तो गर्छन्, पुलिस देखेपछि लगाउने नत्र मास्क नलगाउने। यसले आम नागरिक अझै मास्क लगाउनुपर्छ भन्नेमा सजग छैनन् भन्ने देखाउँछ। मास्क लगाइहाले पनि कतिपयले बोल्दा चिउँडोमा झार्छन्, साथीहरू भेट्दा खोलेरै गफ गर्छन्, कोही त अझै मास्क धोएरै लगाउँछन्। यी सबै कार्यले कोरोना संक्रमण हुनबाट जोगाउँदैन। 'मैले लगाएको मास्क मेरै सुरक्षाका लागि हो' भन्ने चेत अझै नागरिकमा आउन सकेको देखिएन।

नागरिकहरूले मास्क लगाउन लापरवाही गरेकाले उनीहरूको व्यवहारमा परिवर्तन गर्न मास्क अभियान सञ्चालन भएको थियो। मास्क लगाउन उत्प्रेरित गर्ने उद्देश्यले रेडक्रस भद्रपुरले मास्क बैंक कार्यक्रम मार्फत निःशुल्क मास्क वितरण गरेको हो- जुन आज पनि जारी राखेको छ। यो अभियान सफल हुनु भनेको आम नागरिकमा मास्क लगाउने चेत आउनु नै हो। तर, नागरिकमा अझै चेतना पलाएको छैन भन्नुभन्दा पनि जान्ने बुझ्ने लालबुझक्कडहरू नै मास्क नलगाई खुलेयाम डुलिरहेका भेटिनु दुःखद् पक्ष हो। आफूलाई स्वास्थ्यकर्मी हूँ भन्ने महामहिमहरू नै मास्क गोजीमा बोकेर यात्रामा निस्केको टिठलाग्दो अवस्था मास्क वितरणका स्वयम्‌सेवकहरूले पटक-पटक भेटेका-भोगेका छन्। कतिपयले निःशुल्क मास्क वितरण कार्यक्रममा कुतर्क गरेर निराशा उत्पन्न गराएको तितो अनुभव पनि सँगाल्ने अवसर पाएको दृष्टान्त थुप्रै छन्।

निषेधाज्ञा खुकुलो छ, बजारमा भीडभाड बढ्दो छ, आपसी भेटघाटमा हेलचेक्र्याइँ छ, कतिपयलाई 'खोप लगाएको छु, सक्रमण हुँदैन' भन्ने भ्रम छ। अथवा मास्क लगाउनुसुभन्दा आफूलाई होच्याएको ठान्नेहरू थुप्रै भेटिएका छन्। खोपको सफलता शतप्रतिशत नभएको उत्पादक कम्पनीहरूले बताइरहेका छन्। त्यसैले अहिलेको टड्कारो आवश्यकता नागरिकलाई मास्क लगाउन बानी पार्नु हो। खोप अभियानलाई मात्र होइन, मास्क अभियानलाई पनि तीव्रता दिनुपर्छ। 'मेरो मास्कले तिमीलाई सुरक्षा दिन्छ, तिम्रोले मलाई' नारालाई सरकारले नीति मै अवलम्बन गरेर तल्लो तहसम्म अभियानकै रूपमा लैजानुपर्छ।

स्वास्थ्यको ख्याल गर्ने पहिलो दायित्व नागरिक स्वयम्‌को हो, त्यसपछि मात्र सरकारको। मास्क नलगाउनेहरूलाई जरिवाना नतिराउन र उभ्याएर नराख्न सर्वोच्च अदालतले २०७८ जेठ ४ मा अन्तरिम आदेश दिएको थियो। संविधानतः आधारभूत स्वास्थ्य सेवा निःशुल्क हुने व्यवस्था भएकाले विपन्न नागरिकका लागि मास्कको सहज आपूर्ति तथा निःशुल्क वितरणसमेतमा ध्यान दिनु भन्ने आदेश दिइएको छ। ट्राफिक प्रहरीले 'मास्क खोइ ?' भन्दै अभियान चलाउँदै छन। तर, यसको अपेक्षित प्रभाव आमजनतामा पर्न सकेको छैन।

अभियानको प्रभाव कस्तो पऱ्यो भन्ने लेखाजोखा कागजमा त भएकै होला। तर, यसलाई व्यवहारमै सफल बनाउन चोक-चोकमा निःशुल्क मास्क वितरण गर्ने मास्क बुथ सेन्टरहरू बनाउनुपर्ने खाँचो छ। सबै स्वास्थ्य संस्थाबाट निःशुल्क मास्क वितरण गर्नुपर्छ। औषधि, उपकरण, परीक्षण तथा खोपमा अर्बौं खर्च गर्न वा ऋण लिन सक्ने सरकारले दुई रुपैयाँ पर्ने मास्कको उत्पादनका लागि लगानी गर्न किन कञ्जुस्याइँ ? नेपाल जस्तो गरीब मुलुकका लागि महँगो उपचार पद्धतिभन्दा सस्तो र सुलभरुपमा पाइने मास्क वितरण कार्यक्रमलाई प्रभावकारी रुपमा लागू गर्ने उपाय राज्यले नीतिगत रूपमै अवलम्बन गरेर महामारीका विरूद्धको अभियान सञ्चालन गर्नुपर्छ।

*(गिरी नेपाल रेडक्रस सोसाइटी भद्रपुर उपशाखाका सभापति तथा मास्क बैंक कार्यक्रमका अभियन्ता हुन्।)*

# सुपारी प्रशोधनमा सहकारी र व्यवसायीहरु



**कृष्णप्रसाद ढकाल**

अब तत्कालै हामी सुपारीको प्रशोधन कार्यमा सामेल हुने समयतर्फ अगाडि बढ्दैछौं। भारत लगायत बढी गर्मी हुने मुलुकमा कात्तिक १५ (नोभेम्वर १) बाट प्रशोधन सञ्चालन गर्ने चलन छ भने हाम्रो जस्तो केही ओसिलो वातावरण भएको मुलुकका लागि मंसीर १५ (डिसेम्बर १) बाट प्रशोधन कार्य सञ्चालन गर्न उपयुक्त हुने ठानिन्छ। यस समयमा प्रशोधन गरिएको सुपारीमा रुठा निस्किदैन सबै सुपारी डलरमालको रुपमा तयार हुने गर्दछ।

मुलुकको अक्षांश २६ देखि ३० डिग्री उत्तर र देशान्तर ८० देखि ८८ डिग्री पूर्वमा पर्ने भएकाले गर्मीमा तराईको तापमान ४० डिग्री सेल्सियमसम्म बढ्ने भएकाले सुपारी बालीका लागि उपयुक्त मानिन्छ। उत्तर-पूर्वी तराई भू-भाग मलिलो र उब्जाउशील भएकाले यहाँ धेरै प्रकारका व्यावसायिक बालीहरु उत्पादन हुने गर्छन्। आधुनिक र व्यवस्थितरुपले रोपण भएका व्यावसायिक कृषिबालीहरु रमणीय र पर्यटकीय आकर्षणले युक्त भएर शोभा बढाइरहेका लाग्छन्।

उत्पादित सुपारीको व्यवसायमा संलग्न व्यावसायीहरु र प्रशोधनको योजना बनाएर खोलिएका सहकारीहरु समेतले छोटो अवधिमा राम्रो आर्थिक उन्नति गर्न सकेकाले यस खेतीमा संलग्न कृषकहरुलाई उत्पादित सामग्री नगद बनाउन कता लाने भन्ने चिन्ता घटेको छ। समयको गतिसँगै व्यावसायिकता तर्फ उन्मुख यस खेतीले क्रमिकरुपमा नेपालको उत्तर-पूर्वी भागबाट फैलिँदै पश्चिम नवलपरासीतिर पनि उत्पादन थालनी भएपछि आकर्षण र क्षेत्र बिस्तार हुनेक्रम बढेको देखिन्छ।

सुपारी उत्पादक कृषकहरुले आफैं नियमन र उद्देश्यहरुको निश्चिय गरी आफ्नो कार्य क्षेत्रका शेयर



सदस्यहरुलाई अधिकतम् नाफा दिलाउने उद्देश्यले सहकारीहरुको स्थापना गरी छाता संस्था 'केन्द्रीय सुपारी सहकारी संस्था'को समेत स्थापना गरेर सुपारी उत्पादक कृषकहरु आफूहरुमा अझ बढी राहत र पहिले-पहिलेका दिनहरुको तुलनामा ठूलै मद्दत पुगेको कुरा टोल-टोलमा हुने गरेका चर्चाहरुबाट पनि थाह पाउन सकिन्छ।

विश्वको तथ्यांकमा FAOSTAT ले देखाए अनुसार सन् २०१३/१४ मा सुपारीको ४९.७४ प्रतिशत उत्पादन गरेर भारत बढी सुपारी उत्पादन गर्ने मुलुकको सूचीमा परेको छ भने नेपालले झण्डै ३.००० हे.मा ११.५६० मे.टन उत्पादन भएर आठौंमा श्रेणीमा रह्यो, त्यसरी नै सन्.२०१६ को तथ्याङ्कमा विश्वमा १,२१४,०६४ मे. टन हुँदा नेपालमा १४,२२५ मे.टन उत्पादन भएर आठौं श्रेणीमै रहेको देखाएकोले क्रमिक रुपमा उत्पादन बृद्धि हुँदै गएको देखाएको छ।

यसरी बर्षेनि क्षेत्र बिस्तार भइरहँदा उत्पादनमा त्यसै अनुसार बृद्धि भइरहनु स्वभाविक देखिन्छ। नेपालको जम्मा उत्पादनको झण्डै २० प्रतिशत उपभोग भई उब्रेको सबै सुपारी अन्तर्राष्ट्रिय बजारमा निर्यात भई वैदेशिक मुद्रा आर्जन गरिने व्यावसायिक कृषिउपज भएकाले निर्वाध निर्यात भइरहनुपर्नेमा केही बर्षदेखि रोकिएको पाइएको छ। बर्षदिनमा एकपटक मात्र उत्पादन भई बिक्री हुने कृषिउपज निर्यात रोकिना साथ व्यावसायीले आफू खुशी तोकेको मूल्यमा बुझाउनैपर्ने बाध्यता उत्पादक कृषकहरुमा छ। न्यून मूल्यमा पनि बुझाउनैपर्दा सुपारी उत्पादक कृषकहरुमा भएको असह्य पीडा अभिभावकत्व ग्रहण गरी उभिएको 'कृषि मन्त्रालय'लाई किन हो ? अलिकति पनि दुखे जस्तो लाग्दैन ! समयमै अग्रसरता देखाएर कृषकको पीडामा सम्बोधनको प्रयास नगरी मौन रहनु दुःखद् हो। कृषि मन्त्रालयले हालसम्म 'सुपारी खेती बिषय विज्ञ' उत्पादन गर्न पनि सकेको छैन। बिषयविज्ञ उत्पादनमा ध्यान पनि नदिने र अनुभवका आधारका जानकारलाई जिम्मेवारी पनि नदिने प्रवृत्ति रहेसम्म बाली प्रविधिमा सुधारको आशा मृगतृष्णा नै भइरहने देखिएको छ।

हाल सम्बद्ध सहकारीहरुले सुपारीको आधुनिक तौरतरिका अबलम्बन गर्दै प्रशोधन कार्य अगाडि बढाउन थालेका छन्। यसले बजार व्यवस्थापन र बजारीकरणका कार्यहरु सहज हुँदै जाने आशा गर्न सकिन्छ। बजारमा सुपारीका बिभिन्न परिकारहरुको माग उच्च अवस्थामा रहेको देखिन्छ। यस परिप्रेक्षलाई नियाल्दा सहकारीहरुको काँधमा थप गम्भीर जिम्मेवारी आइरहेको महशुस हुन्छ। सुपारी बजारीकरण र निर्यात सन्दर्भमा आफ्नो परिचय स्थापित गराउने 'लोगो' निश्चित गराउन जरुरी भएको देखिन्छ।

सुपारी व्यवसायी, बजार बिश्लेषकहरु, विज्ञहरु र सुपारी उत्पादक कृषकहरुले मनन गरेको बिषय आफ्नो परिचय 'लोगो' स्थापित गराउन पाए हुने थियो भन्ने नै हो। जसले आफ्नो उत्पादनको स्थायी बजार र महत्व स्थापित गर्न सक्थ्यो र क्रमशः मागमा परिवर्तन ल्याउन सक्थ्यो। वस्तुको मूल्य व्यक्ति वा व्यावसायी कसैको लहडमा परिवर्तन वा स्थापित गर्न सकिने वा हुनसक्ने सहज बिषय होइन। अर्थशास्त्रका अनुसार माग र पूर्तिको अवस्थाको आधारमा नै वस्तुको मूल्य निर्धारण हुने हुनाले बजार मूल्य थोरै वा धेरै हुनमा बजारको बिश्लेषण अनुरुपका गुणस्तरीय उत्पादनहरु नै हुन्।

त्यसैले बजार माग अनुसारका परिकारहरुको निर्माणका लागि प्रशोधनमा ध्यान पुऱ्याउनु जरुरी भएकाले सरकारका जिम्मेवार निकायहरुको परामर्शसहित सुपारी उत्पादक कृषकहरु, सम्बद्ध सस्थाहरु, व्यावसायीहरु र सम्बद्ध सहकारीहरु सबैले ऐक्यबद्धता जनाउँदै अघि बढेमा भोलिका दिनहरु सबैका लागि अझ सुन्दर, सुदृढ र मजबुत हुँदै जानेकुरामा दुईमत देखिँदैन।

*(ढकाल नेपाल सुपारी खेती बिकास संस्थाका संस्थापक महासचिव हुन्।*

*krishnadhakal251@gmail.com*

